आज मिति २०७८।१२।१३ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मान्नधर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

तपशिलः

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री खिमनारायण मान्नधर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमवहादुर भुजेल | वडाध्यक्ष वडा नं. १ |
| | श्री पर्शुराम सिग्देल | वडाध्यक्ष वडा नं. २ |
| | श्री लेखवहादुर क्षेत्री | वडाध्यक्ष वडा नं ३ |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष वडा नं ४ |
| | श्री डन्डवहादुर राना | वडाध्यक्ष वडा नं ५ |
| | श्री नरवहादुर थापा | वडाध्यक्ष वडा नं ६ |
| | श्री केशमाया थापा | वडाध्यक्ष वडा नं ७ |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जि | कार्यपालिका सदस्य |
| | श्री रेखा बिश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरज वहादुर नेपली | कार्यपालिका सदस्य |
| | श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

खिमनारायण मानन्धर
अध्यक्ष

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | महेश्वर मर्जाल | हरिनास गाउँपालिका कार्यालय |
| | नील बहादुर थापा | हरिनास गाउँपालिका कार्यालय |
| | सरोज मर्जासिनी | हरिनास गाउँपालिका कार्यालय |

निर्णय नं. १ आ.ब. २०७७।०७८ मा निर्माण सम्पन्न भएका हरिनास गाउँपालिका वार्ड नं. २ र वार्ड नं. ३ का वार्ड कार्यालयहरु यस हरिनास गाउँपालिकाका अध्यक्ष विष्णुनारायण मानन्धरबाट मिति २०७८।१२।२४ गते उद्घाटन गर्ने निर्णय गरियो । साथै उद्घाटन कार्यक्रममा आवश्यक पर्ने शिलालेख लगायतका उपस्थित जनसमुदायलाइ खाजा तथा पानीको व्यवस्थाका लागी विविध शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. २ आ.ब. २०७७।०७८ आ.ब. २०७८।०७९ मा संघिय सरकारबाट हस्तान्तरित नविकरणिय उर्जा जडान कार्यक्रम अन्तरगत खरिद गरिएका सुधारिएका चुल्हो यस हरिनास गाउँपालिका अन्तरगत वार्ड नं. १ र ३ मा रहेका दलित बस्तीहरुमा निःशुल्का वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ यस हरिनास गाउँपालिकामा राष्ट्रिय परिचय पत्र फोटो खिचाउने कार्यक्रममा आउनु भएका सहायक कम्प्युटर अपरेटरहरु वार्ड नं. १ देखि वार्ड नं. ७ सम्म खटिएका हुँदा निजहरुको सेवा सुविधा न्युन भएको भनी जिल्ला प्रशासन कार्यालय स्याङजाबाट अभिमुखिकरण कार्यक्रममा जानकारी भएको र निजहरुलाइ खाना खाजा र बास को व्यवस्थाका लागी सम्बन्धित वार्ड कार्यालयहरुले व्यवस्थापन मिलाउने र सो व्यवस्थापनमा भएको खर्चको विवरण प्राप्त भएपछि सम्बन्धित वार्ड सचिवहरुलाइ कार्यालयको विनियोजित बजेटको परिधि भित्र रही खाना खाजाको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

(विष्णु नारायण मानन्धर)
अध्यक्ष

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत